# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६४) काठमाडौं असोज ६ गते, २०७१ साल (संख्या २०

## भाग ५

### नेपाल सरकार

### उद्योग मन्त्रालयको सूचना

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७१।५।१६ को निर्णयानुसार वन पैदावारमा आधारित उद्योग र वन क्षेत्र बीच देहाय बमोजिम दूरी कायम गरिएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

(क) वन पैदावारमा आधारित उद्योग स्थापना गर्दा उद्योग र वन बीच देहाय बमोजिमको दूरी कायम गर्नेः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| सि.नं. | उद्योगको किसिम | भौगोलिक क्षेत्र (कि.मि.) | | |
|---|---|---|---|---|
| | | उच्च एवं मध्यपहाडी क्षेत्र | चुरे, भित्रीमधेश तथा तराई क्षेत्र | कैफियत |
| १. | फर्निचर | | | |
| १.१ | १८ इन्चसम्म आरा रहेको कुटिर उद्योग | ०.५ | ०.५ | |
| १.२ | १८ देखि ३५ इन्चसम्म आरा रहेको साना तथा मझौला उद्योग | ०.५ | १ | |
| २. | ३६ इन्च तथा सोभन्दा बढी साइजको आरा रहने सबै खाले उद्योग (स:मिल समेत) | १.५ | ३ | |
| ३. | भेनियर उद्योग | १ | ३ | |
| ४. | दाउरा तथा काठ र यस्तै प्रकृतिका कच्चा पदार्थलाई पूर्ण वा आंशिक रुपले प्रयोग गर्ने उद्योग | १ | ३ | |
| ५. | खयर उद्योग | १ | ३ | |
| ६. | जडिबुटी प्रशोधन उद्योग | ०.५ | १ | |
| ७. | स्थानीय वन उपभोक्ता समूह र निजी क्षेत्रको साझेदारीमा सञ्चालन हुने उद्योग | ०.२५ | १ | |

मुद्रण विभाग, सिंहदरबार



226

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) इट्टाभट्टा सञ्चालन गर्दा दाउरा प्रयोग नहुने भनी सम्बन्धित निकायबाट प्रमाणित भई आएमा जिल्ला वन कार्यालयको सहमति लिई सञ्चालन गर्न पाउने ।

(ग) वन जङ्गलमा कुनै हानी नोक्सानी नपुर्‍याई र काठ/दाउराको प्रयोग नगरी सुगन्धित वनस्पतिबाट तेल निकाल्ने उद्योगहरुको हकमा न्यूनतम दूरीको प्रवधान नलाग्ने तर त्यस्ता उद्योग स्थापना गर्दा जिल्ला वन कार्यालयसँग सहमति लिनुपर्ने ।

(घ) संरक्षित क्षेत्र अन्तर्गत पर्ने मध्यवर्ती क्षेत्रको हकमा मध्यवर्ती क्षेत्र नियमावली, २०५२ र मध्यवर्ती क्षेत्र (उद्योग स्थापना र सञ्चालन) मापदण्ड, २०६२ अनुसार हुने ।

(ङ) औद्योगिक क्षेत्रमा सञ्चालन हुने वन पैदावारमा आधारित उद्योगका हकमा दूरी नलाग्ने ।

(च) काठमाडौं उपत्यका लगायतका स्थानमा उद्योग दर्ताका सम्बन्धमा उद्योग मन्त्रालय, औद्योगिक प्रबर्द्धन बोर्डको १३२ औं बैठकबाट भएको निर्णय नं. १ का अधीनमा रही काठमाडौं उपत्यका, जिल्ला सदरमुकाम र नगरपालिका क्षेत्रमा वन पैदावारमा आधारित उद्योग दर्ता गर्दा यो मापदण्ड लागू नहुने ।

(छ) यो मापदण्ड लागू हुन अघि दर्ता भई संचालनमा रहेका वन पैदावारमा आधारित उद्योगहरुका हकमा यो मापदण्ड लागू हुनेछैन ।

तर यस्ता उद्योगहरु सो स्थानबाट स्थानान्तरण वा क्षमता बृद्धि गर्नुपर्ने भएमा यसै मापदण्ड अनुसार हुनेछ ।

(ज) यस मापदण्डको कार्यान्वयनमा आइपर्ने समस्या तथा बाधा उत्पन्न भएमा स्थानीय विकास अधिकारीको संयोजकत्वमा जिल्ला वन अधिकृत र घरेलु तथा साना उद्योग कार्यालयको प्रमुख सदस्य रहेको समितिको सिफारिसमा उद्योग मन्त्रालयले बाधा अड्काउ फुकाउन आवश्यक निर्णय गर्न सक्ने ।

आज्ञाले,

**उत्तम कुमार भट्टराई**

नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।०६२।६३
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

२५६

मुद्रण विभाग, सिंहदरबार

285

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।